# Postal Internal Tracking System (PITS) संचालन

“सेवाहि परमोधर्म”को पवित्र भावनालाई आत्मसाथ गर्दै नेपाल हुलाक सेवाले काम गरी आएकोमा विशेषतः अन्तर्राष्ट्रिय चिठीपत्र तथा हुलाक वस्तु ओसारपसार र अन्तर्राष्ट्रिय द्रुत डाँक तथा पुलिन्दा सेवामा IPS Light को प्रयोग, हुलाक बचत बैकतर्फ बैकिंग सफ्टवेयरको प्रयोग, पोष्ट बक्स सेवातर्फ पुरानो सफ्टवेयरको प्रयोग गर्दै, धनादेश सेवा, पत्रपत्रिका तथा एफ.एम. दर्ता तथा नविकरण लगायतको हुलाक सेवाको प्रमुख कार्य आन्तरिक चिठीपत्र तथा हुलाक वस्तु ओसारपसारको काम सफ्टवेयरको प्रयोग वा प्रविधिको उपयोग बिना हस्तलिखित प्रणालीमा सञ्चालन भै आएकोमा यस अवस्थाबाट सृजित समस्या समाधान गर्न **गोश्वारा हुलाक कार्यालय, सुन्धारा**द्वारा Postal Internal Tracking System (PITS) तयार गरी संचालनमा ल्याईएको छ ।

वि.सं.१९३५ मा **नेपाल हुलाक घर**को स्थापनापश्चात प्रारम्भ भएको हुलाक सेवा हालसम्म परम्परागत रुपमा संचालन भै आएकोमा समयानुकूल अन्तराष्ट्रिय प्रणालीसंगै आन्तरिक सेवालाई विकास गर्नुपर्ने आवश्यकतालाई संवोधन गर्दै नेपालको Office of Exchange को समेत जिम्मेवारी प्राप्त गोश्वारा हुलाक कार्यालयबाट PITS तयार गरिएको र हुलाक सेवा विभागको अनुमतीमा हाल उपत्यकाका ३ (काठमाण्डौं, भक्तपुर, ललितपुर) र मोफसलका बाँके, गुल्मी, पाल्पा, सल्यान, प्यूठानमा संचालनमा आएको छ भने कास्की, झापा, मोरंग, रुपन्देहि र चितवनमा शुरुआतको अवस्थामा रहेको तथा सुनसरी, तनहु, कपिलवस्तु, सुर्खेत लगायत अन्य जिल्लामा शुरु गर्ने चासो देखिएको तर संचालनमा लैजान नसकिएको अवस्थामा छ ।

गोश्वारा हुलाक कार्यालयमा मिति २०७३।१२।१५ मा आयोजित PITS कार्यक्रमको प्रमुख अतिथि माननीय **सूचना तथा संचार मन्त्री सुरेन्द्र कुमार कार्कीले** शुभारम्भ गर्नुभयो ।



सूचना तथा संचार मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङको सभापतित्वमा भएको कार्यक्रममा कार्यालय प्रमुख हरि प्रसाद ज्ञवालीले स्वागत, कार्यक्रमको उद्येश्य र PITS का विशेषताका साथै कार्यालयको विद्यमान अवस्थावारे प्रस्तुतीकरण गर्नुभयो । हुलाक सेवामा सूचना प्रविधिको उपयोग गरी सेवालाई प्रभावकारी र भरपर्दो बनाउन तयार गरिएको यस प्रणालीको शुरुआत गर्नु यस कार्यक्रमको उद्येश्य रहेको छ । अतिथि हुलाक सेवा विभागका महानिर्देशक श्री सुरेश अधिकारीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । शुरुआत गरिएको PITS का प्रमुख विशेषताहरु निम्न छन् ।

**प्रमुख विशेषताहरु**

- गोश्वारा हुलाक कार्यालयद्धारा साविकका प्रयोगविहिन ८ सफ्टवेयरलाई अपग्रेड गरि व्याग र आईटम दुवैलाई ट्याक गर्न सकिने र काउण्टर अटोमेशनदेखि फाईनल डेलिभरीसम्म समेट्ने गरी तयार गरिएको ।
- बीलप्रिन्टदेखि बारकोडसम्म जेनेरेट हुने, गोहुकादेखि सवै जिल्ला र ईलाकासम्म पहुच हुन सक्ने, आफ्नै सर्भरमा सुरक्षित रहने प्रणाली र विभिन्न सेवा एउटै ट्याकिंग प्रणालीमा आवद्धता रहेको ।
- संख्या, तौल, राजश्व, साधन समेतको व्यवस्थित अभिलेख प्रणाली जसमा प्रयोगकर्ता जिम्मेवार वा अपनत्व हुने र घुम्ती सेवामा पनि प्रयोग हुन सक्ने प्रणाली ।
- Easy Handling, No high Risk, Minimum internet Speed(256 mb), Online /Off line handling, Similar to Ips Light, Daily, Monthly, Annually reporting system, adequate monitoring, Minimum cost based, Client friendly, Mobile tracking compatibility, Single entry but every step tracking system जस्ता विशेषताहरु रहेको प्रणाली ।

**सेवाग्राहीले सेवावारे जानकारी लिन सक्ने तरिका :**

तपाईले PITS बाट अनलाईनमा आफ्नो सेवावारे जानकारी लिन चाहनु हुन्छ भने गोश्वारा हुलाक कार्यालयको वेवसाईट www.gpo.gov.np को होमपेजमा गै आन्तरिक ट्र्याकिङ प्रणाली (Domestic Tracking) पोर्टलमा रहेको Go मा क्लिक गरी आफूले सेवा दर्ता गर्दा प्राप्त नम्बरलाई आफ्नो मोवाईलबाटै ट्र्याक गरी चिठीपत्र, पार्सल आदि पुगे नपुगेको जानकारी लिन सकिनेछ ।

**कार्यालयको अन्य सेवावारे थप जानकारीको लागि सम्पर्क राख्न सकिने :**
गोश्वारा हुलाक कार्यालयका विभिन्न सेवा र आन्तरिक ट्र्याकिङ प्रणाली (PITS) सम्बन्धि थप जानकारीको लागि यस कार्यालयबाट प्रकाशित ब्रोस्योर पनि सहयोगी सामग्री बन्न सक्नेछ । थप जानकारी, कुनै सुझाव वा गुनाशो राख्नु परेमा कार्यालयस्थित कल सेन्टर, घुम्ती टोली, गुनाशो सुन्ने अधिकारी तथा सूचना अधिकारीसंग सम्पर्क राख्न सक्नु हुनेछ । निजहरुको सुनुवाईमा चित्त नबुझेमा कार्यालय प्रमुख र सो उपर हुलाक सेवा विभागका महानिर्देशकसमक्ष सम्पर्क राख्न सकिनेछ । PITS र गोश्वारा हुलाक कार्यालयबाट प्रदान हुने अन्य सेवाको वारेमा विस्तृत जानकारीको लागि यस कार्यालयको वेभसाईट www.gpo.gov.np मा भिजिट गर्न सक्नु हुनेछ ।

**थप जानकारीको लागि :**

सम्पर्क नं.: ०१४२३०६१६
कलसेन्टर : ०१४२५८३९३
फ्याक्स नं.: ०१४२२३५१२

ईमेल : enquiry@gpo.gov.np

फेसबुक पेजः https://www.facebook.com/GPOSUNDHARA